नेपाल प्रहरी प्रधान कार्यालय

कार्य विभाग, स्मारक गुठी

**"मोकमि अमर प्रहरी छात्रवृत्ति"** छनौट समितीको

## सूचना

पूर्व प्रहरी महानिरीक्षक श्री मोतिलाल बोहरा ज्यूद्वारा मिति २०७९।०६।१२ गते स्थापित **"मोकमि अमर प्रहरी छात्रवृत्ति"** वीरगति,अमर तथा अशक्त प्रहरी परिवारका अध्ययनरत सन्ततीहरु मध्येबाट जेहेन्दार तथा न्युन आए भएकाहरुबाट १।१ (छात्र/छात्रा) लाई नेपाल प्रहरी दिवस समारोहमा छात्रवृत्ति वापतको रकम प्रदान गरिने हुँदा निम्न लिखित मापदण्ड भित्र पर्ने अमर, अशक्त प्रहरीका सन्ततीहरुका नामावली तथा अन्य कागजातहरु यस छनौट समितीको ईमेल ठेगाना :- (smarakguthi@nepalpolice.gov.np) मा १० दिन भित्र पठाउन हुन अनुरोध गरिएको छ।

## "मोकमि अमर प्रहरी छात्रवृत्ति" शर्तहरु

१. कर्तव्यपालनको सिलसिलामा प्राण आहुती दिने अमर तथा अशक्त प्रहरीका (प्रहरी कार्यालय सहयोगी देखि प्रहरी वरिष्ठ नायव निरीक्षक) सम्मका जेहेन्दार विद्यार्थी सन्ततीहरु सहभागि हुन पाउने।

२. १/१ जना (छात्र/ छात्रा) लाई छात्रवृत्ति प्रदान गरिने।

३. छनौट गर्दा अमर, वीरगति तथा अशक्त प्रहरीहरुको सन्तति मध्ये लब्धाङ्क पत्रको आधारमा उत्कृष्ट र जेहेन्दार छात्र/ छात्रा समावेश गर्ने।

४. यस छात्रवृत्ति पूर्व प्र.म.नि. मोतीलाल बोहराद्धारा छनौट भएका वीरगति,अमर तथा अशक्त प्रहरीका २ जना सन्ततिहरुलाई छात्रवृत्ति वापत रु. ५०,०००।- (अक्षरुपी पचास हजार) का दरले १।१ जना ( छात्र/ छात्रा) लाई प्रदान गर्ने।

## "मोकमि अमर प्रहरी छात्रवृत्ति" छनौट विधि

क) शुरुमा छनौट गर्दा क्रमश: अमर, वीरगति तथा अशक्त प्रहरीका सन्ततिहरु मध्येवाट कक्षा ४ का विद्यार्थीहरु मध्ये १ छात्र र १ छात्रा सहभागी गराइने।

ख) सदरमुकाम तथा अन्य चर्चित शहरी क्षेत्रमा घर, घडेरी नभएका आर्थिक अवस्था कमजोर भएका अमर, वीरगती तथा अशक्त प्रहरी परिवारका सदस्य मध्येवाट छनौट गरिने।

ग) सम्वन्धित सन्ततिको पढाईको शैक्षिक प्रमाण पत्र प्राप्ताङ्क ६०% वा B+ भन्दा माथि हुन पर्ने।

घ) अमर, वीरगति तथा अशक्त प्रहरी परिवारका सन्ततिहरु नभएको खण्डमा सो बर्षको लागि मात्रै आर्थिक अवस्था कमजोर भएका जेहेन्दार छात्र-छात्रालाई प्रदान गरिनेछ।

ङ) एक पटक छात्रबृति उपलब्ध गराए पश्चात निजहरुको पढाईको स्तर ६०% वा B+ भन्दा माथि भएमा निजलाई कक्षा १२ सम्म निरन्तरता गराउदै जाने।

च) पढाइको स्तर दफा ३ को 'घ' मा तोकिएको अवस्था नभएमा निजलाई दिदै आएको छात्रवृत्ति बन्द गरी पुन: कक्षा ४ देखि माथि उल्लेखित मापदण्ड अनुसार कार्यान्वयन गरिनेछ।

छ) छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुले प्रत्येक वर्ष वार्षिक परिक्षाको प्रमाण पत्र नेपाल प्रहरी स्मारक गुठीमा उपलव्ध गराउनु पर्ने।

## आवश्यक कागजातहरु

१. निवेदन ।

२. नाता प्रमाणित पत्रको प्रतिलिपि ।

३. अध्ययनरत विद्यालयको अध्यनरत तहको लब्धाङ्क प्रमाण पत्र र चारित्रीक प्रमाण पत्र।

४. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि।

५. अमर प्रहरीको पेन्सन पट्टाको तथा मृत्यु खाली पत्रको प्रतिलिपि।

६. नेपाल प्रहरी स्मारक गुठीबाट अमर प्रहरी घोषित भई अमर प्रहरीमा नाम समावेश भएको हुनु पर्ने।

७. अशक्त प्रहरी कर्मचारीको हकमा नेपाल प्रहरी अस्पतालबाट अशक्त घोषित गरिएको प्रमाण पत्रको छाँया कपि पेश गर्नु पर्ने।

८. सम्वन्धित विद्यार्थीको पासपोर्ट साईजको २ प्रति फोटो।

नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग, स्मारक गुठी
"मोकमि अमर प्रहरी छात्रवृत्ति"
छनौट समिति
मिति २०८०।०५।१७ गते

नेपाल प्रहरी प्रधान कार्यालय

कार्य विभाग, स्मारक गुठी

"अच्युत - मिना अमर प्रहरी पुरस्कार " छनौट समितीको

## सूचना

पूर्व प्रहरी महानिरीक्षक श्री अच्युतकृष्ण खरेल ज्यूद्वारा मिति २०७७।०६।३० गतेमा स्थापित **"अच्युत - मिना अमर प्रहरी पुरस्कार"** अमर प्रहरीका जेहेन्दार २ जना (१ छात्र/१ छात्रा) सन्ततीहरुलाई नेपाल प्रहरी दिवस समारोहमा प्रदान गरीने हुँदा निम्न लिखित मापदण्ड भित्र पर्ने अमर प्रहरीका सन्ततीहरुका नामावली तथा अन्य कागजातहरु यस छनौट समितीको ईमेल ठेगाना (smarakguthi@nepalpolice.gov.np) मा १० दिन भित्र पठाउन हुन अनुरोध गरिएको छ ।

### (क) "अच्युत –मिना अमर प्रहरी पुरस्कार" तर्फः-

### छनौट विधि

१. कर्तव्यपालनको सिलसिलामा प्राण आहुती दिने अमर प्रहरीका प्रहरी जवान देखि प्रहरी नायव निरीक्षक सम्मका जेहेन्दार विद्यार्थी सन्ततीहरु सहभागि हुन पाउने ।

२. १/१ जना (छात्र/ छात्रा) गरि २ जना लाई पुरस्कार प्रदान गरिने ।

३. छनौट गर्दा अमर प्रहरीहरुको सन्तति मध्ये लब्धाङ्क पत्रको आधारमा उत्कृष्ट र जेहेन्दार छात्र/ छात्रा समावेश गर्ने ।

४. छनौट भएका अमर प्रहरीका २ जना सन्ततिहरुलाई रु. ३०,०००।- (अक्षरुपी तिस हजार ) का दरले १।१ जना छात्र/ छात्रालाई नगद र प्रमाण पत्रद्वारा सम्मानित गर्ने ।

### आवश्यक कागजातहरु

१. निवेदन ।

२. नाता प्रमाणित पत्रको प्रतिलिपि ।

३. अध्ययनरत विद्यालयको अध्यनरत तहको लब्धाङ्क प्रमाण पत्र र चारित्रीक प्रमाण पत्र ।

४. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि।

५. अमर प्रहरीको पेन्सन पट्टाको तथा मृत्यु खाली पत्रको प्रतिलिपि ।

६. नेपाल प्रहरी स्मारक गुठीबाट अमर प्रहरी घोषित भई अमर प्रहरीमा नाम समावेश भएको हुनु पर्ने ।

७. सम्वन्धित विद्यार्थीको पासपोर्ट साईजको २ प्रति फोटो ।

नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग, स्मारक गुठी

अच्युत मिना अमर प्रहरी पुरस्कार "

छनौट समिति

मिति: २०८०।०५।१७ गते